# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, मंसिर २७ गते, २०८० साल (संख्या १२


# भाग-२

## कर्णाली प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

### प्रदेश पर्यटन नियमावली, २०८०

प्रदेश पर्यटन ऐन, २०७८ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश पर्यटन नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इजाजतपत्र" भन्नाले ऐन र यस नियमावली बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, होटल, लज, रेष्टुँरा, रिजर्ट वा बार, पथप्रदर्शक, जलयात्रा, रिभर गाइडको व्यवसाय गर्नको लागि जारी गरिने अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले प्रदेश पर्यटन ऐन, २०७८ सम्झनु पर्छ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "जलयात्रा" भन्नाले कायक, र्‍याफ्टिङ्ग, क्याटार्‍याफ्ट, डुङ्गा, नाउ, रिभरबोट वा अन्य यस्तै प्रकृतिका नदिमा तैरिने जलयात्राका साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक वा साँस्कृतिक दृश्यावलोकनका लागि नदीमा गरिने यात्रा सम्झनु पर्छ।

(ङ) "जलयात्रा टोली" भन्नाले एकभन्दा बढी यात्रु रहेको जलयात्रा गर्ने टोली सम्झनु पर्छ।

(च) "दरखास्तवाला" भन्नाले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बार, पथप्रदर्शक, जलयात्रा, रिभर गाइड वा अन्य यस्तै प्रकृतिको पर्यटन व्यवसाय गर्न मन्त्रालय समक्ष दरखास्त पेश गर्ने व्यक्ति सम्झनु पर्छ।

(छ) "पर्यटन व्यवसायी" भन्नाले मन्त्रालयबाट इजाजतपत्र प्राप्त गरी ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बार, जलयात्रा, मनोरञ्जनात्मक, साहसिक वा अन्य यस्तै प्रकृतिको पर्यटन व्यवसाय गर्ने व्यक्ति सम्झनु पर्छ।

(ज) "मनोरञ्जनात्मक पर्यटन व्यवसाय" भन्नाले जङ्गल सफारी, क्याम्पिङ, हाइकिङ, बर्ड वाचिङ, केवल कार,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

ग्रिन फिसिङ र क्याच एण्ड रिलिज जस्ता पर्यटन व्यवसाय सम्झनु पर्छ र सो शब्दले एम्यूज्मेन्ट पार्क, फन पार्क लगायतका अन्य मनोरञ्जनात्मक खेल तथा क्रियाकलापलाई समेत जनाउँछ।

(झ) "रिभर गाइड" भन्नाले जलयात्रा टोलीलाई जलयात्रामा सहयोग गर्न अनुमतिपत्र प्राप्त प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

(ञ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले ऐनको दफा ४० को उपदफा (१) बमोजिम गठित पर्यटन प्रवर्धन समिति सम्झनु पर्छ।

(ड) "स्तर निर्धारण समिति" भन्नाले ऐनको दफा १३ बमोजिमको स्तर निर्धारण समिति सम्झनु पर्छ।

(ढ) "साहसिक पर्यटन व्यवसाय" भन्नाले बेलुनिङ, ग्लाईडिङ, स्काईङ र रक क्लाइम्बिङ जस्ता पर्यटन व्यवसाय सम्झनु पर्छ र सो शब्दले बञ्जी जम्पिङ, क्यानोनिङ, जिप फलाइङ लगायतका अन्य साहसिक पर्यटकीय क्रियाकलापलाई समेत जनाउँछ।

(ण) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले प्रचलित कानून बमोजिम तयार गरिएको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्झनु पर्छ।

(त) "होटल व्यवसायी" भन्नाले मन्त्रालयबाट पर्यटक स्तरको होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बार सञ्चालन गर्ने इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था</u>

३. **<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको लागि दरखास्त दिनु पर्ने</u>**ः ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले इजाजतपत्रको लागि दरखास्त दस्तुर बापत एकसय रुपैयाँ र देहाय बमोजिमका कागजातहरु संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) कम्पनी भए कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि र उद्योग वा फर्म भए सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र वा बोधार्थ पत्रको प्रतिलिपि,

(ख) चालु वा चुक्ता पूँजी खुलेको प्रमाणपत्र र शेयर भए शेयर लगतको प्रतिलिपि,

(ग) प्रोपाइटर, साझेदारी वा संस्थापक शेयरधनी नेपाली नागरिक भए निजको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र विदेशी नागरिक भए निजको राहदानी, नेपाल सरकारले जारी गरेको प्रवेशाज्ञा (भिसा) र नेपालमा व्यवसाय गर्न नेपाल सरकारद्वारा प्रदान गरिएको अनुमति वा इजाजतपत्रको प्रतिलिपि,

(घ) प्रोपाइटर, साझेदारी वा संस्थापक शेयरधनीको दुईप्रति फोटो सहितको व्यक्तिगत विवरण,

(ङ) कार्यालय आफ्नो भवनमा रहने भए सोको नक्सा, घरजग्गाको मालपोत तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि र घरजग्गा भाडामा लिने भए घरजग्गा धनीसँगको सम्झौताको प्रतिलिपि,

(च) व्यक्ति, फर्म वा कम्पनीको कबुलियतनामा,

(छ) एकभन्दा बढी प्रोपाइटर वा सञ्चालक भएको अवस्थामा कुनै एक जना प्रोपाइटर वा शेयरधनीलाई अख्तियारी दिएको कागजातको प्रतिलिपि,

(ज) बैंङ्क जमानतको सक्कलै कागज,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(झ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(ञ) कम्पनी वा फर्म दर्ता गरेको एक आर्थिक वर्ष भुक्तान गरेको भए अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

४. **इजाजतपत्र दिनेः** (१) नियम ३ बमोजिम दरखास्त पर्न आएमा मन्त्रालयले सो दरखास्त उपर जाँचबुझ गरी दरखास्तवालालाई इजाजतपत्र दिन उपयुक्त देखिएमा अनुसूची-२ बमोजिम दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ।

(२) उपनियम (१) बमोजिम दिएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपि लिन इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको दरखास्त मनासिब देखिएमा मन्त्रालयले एक हजार रुपैयाँ दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनेछ।

५. **फर्म वा कम्पनी दर्ता तथा बैङ्क जमानत सम्बन्धी व्यवस्थाः** (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले इजाजतपत्र लिनु अघि देहाय बमोजिमको चालु वा चुक्ता पूँजी भएको फर्म वा कम्पनी दर्ता गरेको हुनु पर्नेछः-

(क) फर्मको हकमा कम्तीमा दश लाख रुपैयाँ,

(ख) कम्पनीको हकमा कम्तीमा पच्चीस लाख रुपैयाँ।

(२) इजाजतपत्रको लागि दरखास्त दिने ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्र लिनु अघि इजाजतपत्र बहाल रहने अवधिभर सुरक्षण बापत कम्तीमा पाँच लाख रुपैयाँ बराबरको बैङ्क जमानत मन्त्रालयको नाममा राख्नु पर्नेछ।

(३) यो नियमावली प्रारम्भ हुँदाका बखत प्रचलित संघीय कानून बमोजिम इजाजतपत्र प्राप्त गरेको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्र नवीकरण गराउँदा उपनियम (१) बमोजिमको चालु वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

चुक्ता पूँजी कायम गरेको प्रमाण र उपनियम (२) बमोजिमको बैंक जमानतको कागजात मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै ट्राभल वा ट्रेकिङ्ग एजेन्सी पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता गर्दा प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको लागि आवश्यक चुक्ता पूँजी कायम गर्नु पर्नेछ।

६. **ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः** इजाजतपत्र प्राप्त व्यक्तिले देहायका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) प्रदेश सरकारले तोकिदिएको क्षेत्रमा ट्राभल वा ट्रेकिङ्ग गराउने,

(ख) ट्राभल वा ट्रेकिङ्ग गर्दा सम्बन्धित कामको लागि नियुक्त कामदारबाट सेवा लिने,

(ग) ट्राभल वा ट्रेकिङ्ग गर्दा मन्त्रालयले तोके बमोजिम वातावरणीय सरसफाई वा फोहोरमैला व्यवस्थापन गर्ने,

(घ) आफूले पाएको इजाजतपत्र र अन्य प्रमाणपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्ने,

(ङ) ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सञ्चालन गर्दा प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने कुराहरु पालना गर्ने,

(च) पर्यटकसँग जाने कामदारको मान्यता प्राप्त बीमा कम्पनीसँग बीमा गराउने,

(छ) आफूले गरेका कामको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(ज) प्रचलित कानून बमोजिम प्रदेश सरकारले दिएको आदेश वा निर्देशनको पालना गर्ने।

७. **इजाजतपत्रको अवधि र नवीकरणः** (१) इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्र नवीकरण गराउन चाहेमा त्यस्तो इजाजतपत्रको अवधि

आन्तरिक मामिला तथा कानून मन्त्रालय

समाप्त हुनुभन्दा तीन महिना अगावै एक सय रुपैयाँ दरखास्त दस्तुर सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दरखास्त पर्न आएमा मन्त्रालयले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी नवीकरण गर्न उपयुक्त देखेमा अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर लिई प्रत्येक पटक पाँच वर्षको लागि इजाजतपत्र नवीकरण गरि दिन सक्नेछ।

(४) इजाजतपत्रको उपनियम (१) बमोजिमको म्याद समाप्त भएपछि इजाजतपत्र प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको इजाजतपत्र नवीकरण गर्न चाहेमा देहाय बमोजिमको थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ :-

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको बीस प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिले तीन महिनासम्म नवीकरण दस्तुरको चालिस प्रतिशत।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र कसैले इजाजतपत्र नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र स्वतः खारेज हुनेछ।

८. **<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण</u>**ः ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण सम्बन्धी व्यवस्था मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

९. **<u>इजाजतपत्र खारेज गर्दा अपनाउनु पर्ने कार्यविधि</u>**ः (१) ऐनको दफा ९ बमोजिम इजाजतपत्र खारेज गर्नु अघि मन्त्रालयले सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण पेश गर्ने मौका दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा मन्त्रालयले त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई दिएको इजाजतपत्र खारेज गर्न सक्नेछ।

१०. **<u>सञ्चालन भइरहेका ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई इजाजतपत्र दिने सम्बन्धी कार्यविधिः</u>** (१) ऐनको दफा १० बमोजिम इजाजतपत्र प्राप्त गर्न चाहने ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र नियम ३ बमोजिम दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा मन्त्रालयले नियम ५ को उपनियम (२) बमोजिमको बैंङ्क जमानत र अन्य आवश्यक कागजातहरु जाँचबुझ गरी यस नियमावली बमोजिम इजाजतपत्र दिनेछ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र दिंदा अन्य कुनै दस्तुर लाग्ने छैन।

११. **<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको विवरण हेरफेर सम्बन्धी व्यवस्थाः</u>** (१) इजाजतपत्र प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको नाम वा ठेगाना वा शेयरधनी परिवर्तन परिवर्तन भएमा त्यसरी परिवर्तन भएको मितिले तीस दिनभित्र मन्त्रालयमा सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएमा मन्त्रालयले अभिलेखमा जनाई सोको जानकारी सम्बन्धित सूचकलाई दिनु पर्नेछ।

१२. **<u>बैंङ्क जमानत परिवर्तन वा फुकुवा सम्बन्धी व्यवस्थाः</u>** (१) इजाजतपत्र प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले राखेको बैंङ्क जमानत परिवर्तन वा फुकुवा गर्नु पर्ने भएमा कारण खोली एकसय रुपैयाँ निवेदन दस्तुर सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी बैंङ्क जमानत परिवर्तन वा फुकुवा गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बाहेक अन्य अवस्थामा इजाजतपत्र लिंदाका बखत पेश गरेको बैंङ्क जमानत परिवर्तन वा फुकुवा गरिने छैनः-

(क) ऐन र यस नियमावली बमोजिम इजाजतपत्र खारेज भएमा,

(ख) कम्पनी वा फर्मको दर्ता खारेज भएमा,

(ग) ट्राभल वा ट्रेकिङ्ग व्यवसाय सञ्चालन गर्ने उद्देश्य परिवर्तन भएमा,

(घ) शेयरधनी परिवर्तन भई एजेन्सीको दायित्व र शेयरमा परिवर्तन भएमा,

(ङ) बैङ्क जमानतको म्याद समाप्त भएमा,

(च) जमानत राखेको बैङ्क कुनै कारणले असुरक्षित भई जमानत असुल उपर हुन कठिन हुने अवस्था भएमा।

## परिच्छेद-३

## होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बार सम्बन्धी व्यवस्था

**१३. <u>होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बारको दर्ता</u>:** (१) ऐनको दफा १२ को उपदफा (१) बमोजिम कुनै व्यक्तिले आफ्नो होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बारलाई पर्यटकस्तरमा दर्ता गराउन वा त्यस्तो व्यवसाय प्रदेशभित्र सञ्चालन गर्न चाहेमा एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-४ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजात संलग्न राखी मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) कम्पनी भए कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि र उद्योग वा फर्म भए सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र वा बोधार्थ पत्रको प्रतिलिपि,

(ख) व्यवसाय सञ्चालन गर्ने भवन वा संरचनाको नक्सा,

(ग) व्यवसाय आफ्नो घरजग्गामा रहने भए घरजग्गाको मालपोत तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि र घरजग्गा भाडामा लिने भए घरजग्गा धनीसँगको सम्झौताको प्रतिलिपि,

(घ) पार्किङ्गको सुविधा भएको वा पार्किङ्गको लागि जग्गा भाडामा लिने सम्झौता गरिएको भए सम्झौताको प्रतिलिपि,

(ङ)अनुसूची-५ बमोजिमको विवरण खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(च) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भए स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(छ) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिमका कागजात सहित दरखास्त पर्न आएमा मन्त्रालयले परामर्शका लागि स्तर निर्धारण समितिमा लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम परामर्शका लागि लेखी आएमा संलग्न कागजातका आधारमा स्तर निर्धारण समितिले होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बारलाई पर्यटकस्तरमा दर्ता वा प्रदेशभित्र सञ्चालनका सम्बन्धमा मन्त्रालयलाई परामर्श दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त परामर्श समेतका आधारमा मन्त्रालयले अनुसूची-२ बमोजिमको दर्ता दस्तुर लिई अनुसूची-६ बमोजिमको ढाँचामा पर्यटन स्तरमा दर्ताको प्रमाणपत्र दिनेछ।

(५) उपनियम (४) बमोजिमको दर्ता प्रमाणपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनको लागि सम्बन्धित व्यक्तिले मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ र दरखास्त मनासिव देखिएमा दुईहजार रुपैयाँ दस्तुर लिई मन्त्रालयले पर्यटक स्तरको दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनेछ।

१४. **<u>होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बारको वर्गीकरणः</u>** (१) मन्त्रालयले नियम १५, १६ र १७ मा भएका सुविधा र स्तर निर्धारण समितिको परामर्शमा पर्यटकस्तरको होटल, लज वा रेष्टुँरा तथा रिजर्ट वा बार मध्ये कुनै एकमा वर्गीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम वर्गीकरण गर्दा होटलको हकमा साधारण होटल वा पर्यटक आवास वा एक तारा देखि पाँच तारासम्मको होटलको रुपमा वर्गीकरण गर्न सक्नेछ।

१५. **<u>पर्यटक स्तरको होटलमा हुनुपर्ने सुविधाः</u>** पर्यटक स्तरको होटलमा देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) पर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने कम्तीमा दशवटा सुत्ने कोठा हुनु पर्ने,

(ख) कम्तीमा पच्चीस प्रतिशत कोठाको साथमा स्नानागार तथा शौचालय संलग्न हुनु पर्ने र अन्य प्रत्येक चार कोठाको निमित्त एकको हिसाबले आवश्यक संख्यामा आधारभूत सामग्री सहितको स्नानागार तथा शौचालय हुनु पर्ने,

(ग) सबै कोठामा आधुनिक फर्निचर र चौबिसै घण्टा बिजुलीको राम्रो प्रबन्ध हुनु पर्ने,

(घ) सबै कोठामा नेपाली मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनु पर्ने,

(ङ) स्नानागार र शौचालयमा राम्रा र बलिया साधन जडान गरिएको र पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनु पर्ने,

(च) स्वागत कक्ष (रिसेप्सन काउन्टर) राम्रोसँग सजाइएको, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनु पर्ने,

(छ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलग अलग रहेको र सफा सुग्घर भएको हुनु पर्ने,

(ज) लुगा धुने राम्रो प्रबन्ध हुनु पर्ने,

(झ) अधिकांश वरिष्ठ कर्मचारी होटल व्यवसायमा अनुभवी र अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्ने,

(ञ) कर्मचारीको पोशाक सफा सुग्घर र एकनासको हुनु पर्ने,

(ट) ऋतु अनुसार वातानुकूलित यन्त्र (एयर कन्डिशनर), पंखा वा हिटरको व्यवस्था हुनु पर्ने,

(ठ) प्राथमिक उपचार र आगो निभाउने यन्त्रको प्रबन्ध हुनु पर्ने,

(ड) तिब्र गतिको इन्टरनेट सुविधा सबै कोठामा उपलब्ध हुनु पर्ने,

(ढ) पर्याप्त पार्किङ्गको सुविधा भएको हुनु पर्ने।

१६. **<u>पर्यटक स्तरको लजमा हुनु पर्ने सुविधा</u>**: पर्यटक स्तरको लजमा देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) प्रर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने कम्तीमा पाँचवटा सुत्ने कोठा हुनु पर्ने,

(ख) कम्तीमा पच्चीस प्रतिशत कोठाको साथमा स्नानागार तथा शौचालय संलग्न हुनु पर्ने र अन्य प्रत्येक चार कोठाको निमित्त एकको हिसाबले आवश्यक संख्यामा आधारभूत सामग्री सहितको स्नानागार तथा शौचालय हुनु पर्ने,

(ग) सबै कोठामा आधुनिक फर्निचर र चौबिसै घण्टा बिजुलीको राम्रो प्रबन्ध हुनु पर्ने,

(घ) सबै कोठा नेपाली मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनु पर्ने,

(ङ) स्नानागार र शौचालयमा राम्रा र बलिया साधन जडान गरिएको र पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनु पर्ने,

(च) स्वागत कक्ष राम्रोसँग सजाइएको, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनु पर्ने,

(छ) लुगा धुने राम्रो प्रबन्ध हुनु पर्ने,

(ज) वरिष्ठ कर्मचारी लज सम्बन्धी ज्ञान भएको र अंग्रेजी भाषा बोल्न जान्ने हुनु पर्ने,

(झ) कर्मचारीको पोशाक सफा सुग्घर र एकनासको हुनु पर्ने,

(ञ) तिब्र गतिको इन्टरनेट सुविधा सबै कोठामा उपलब्ध हुनु पर्ने,

(ट) ऋतु अनुसार वातानुकूलित यन्त्र (एयर कन्डिसनर), पंखा वा हिटरको व्यवस्था हुनु पर्ने।

१७. **<u>पर्यटकस्तरको रेष्टुँरा तथा रिजर्ट वा बारमा हुनु पर्ने सुविधा</u>ः** पर्यटक स्तरको रेष्टुँरा तथा रिजर्ट वा बारमा देहाय बमोजिमको सुविधा हुनु पर्नेछः-

(क) अन्तर्राष्ट्रिय स्तर कायम रहने गरी खानपिनको व्यवस्था हुनु पर्ने,

(ख) स्वच्छ र स्वस्थकर पिउने पानीको व्यवस्था हुनु पर्ने,

(ग) महिला र पुरुषको निमित्त रुमाल र साबुन सहित छुट्टा छुट्टै शौचालयको प्रबन्ध हुनु पर्ने,

(घ) एकै समयमा कम्तीमा पन्ध्र जना व्यक्ति सँगै बसी खान सक्ने व्यवस्था हुनु पर्ने,

(ङ) घुँइचो नहुने किसिमको फराकिलो कोठा वा त्यस अनुरुप बस्ने व्यवस्था हुनु पर्ने,

(च) फर्निचर लगायतका अन्य सामग्री सफासुग्घर तथा स्तरयुक्त हुनु पर्ने,

(छ) कर्मचारीको पोशाक सफा सुग्घर र एकनासको हुनु पर्ने,

(ज) पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रबन्ध हुनु पर्ने,

(झ) राम्रो किसिमका क्रकरी र कटलरी हुनु पर्ने,

(ज) स्वागत कक्षमा मूल्यसूची सबैले प्रष्ट रुपमा देख्ने गरी राखिएको हुनु पर्ने।

१८. **<u>स्तर निर्धारण समितिको गठन</u>ः** (१) ऐनको दफा १३ बमोजिमको स्तर निर्धारण समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख, औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा, मन्त्रालय - अध्यक्ष

(ख) इन्जिनियर प्रतिनिधि, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय - सदस्य

(ग) अध्यक्ष, होटल व्यवसायी संघ - सदस्य

(घ) कानून अधिकृत, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(ङ) प्रमुख, पर्यटन शाखा, मन्त्रालय -सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको सदस्य सम्भव भएसम्म प्रदेश स्तरीय र सो नभए प्रदेश राजधानी स्थित जिल्ला स्तरीय होटल व्यवसायी संघको अध्यक्ष सदस्यको रुपमा रहनेछ।

(३) स्तर निर्धारण समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) स्तर निर्धारण समितिको अध्यक्ष, सदस्य तथा आमन्त्रित विज्ञले सो समितिको बैठकमा भाग लिए बापत प्रदेश सरकारबाट स्वीकृत खर्च मापदण्ड निर्देशिका बमोजिम बैठक भत्ता पाउने छन्।

१९. **<u>स्तर निर्धारण समितिको काम, कर्तव्य र अधिकार</u>**: स्तर निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पर्यटक स्तरमा दर्ता हुने होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बार सञ्चालन मापदण्डको सम्बन्धमा परामर्श दिने,

(ख) पर्यटक स्तरमा दर्ता हुने वा भएका होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बारको स्तर निर्धारण वा वर्गीकरण वा इजाजत निलम्बन सम्बन्धमा परामर्श दिने,

(ग) मन्त्रालयले तोके बमोजिमका अन्य कार्य गर्ने।

२०. **<u>स्तर निर्धारण समितिको बैठक सम्बन्धी व्यवस्था</u>**: (१) स्तर निर्धारण समितिको बैठक आवश्यकता अनुसार सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) स्तर निर्धारण समितिको कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) स्तर निर्धारण समितिको निर्णय सम्भव भएसम्म सर्वसम्मति र सम्भव नभए सो समितिका सदस्यहरुको बहुमतबाट हुनेछ।

(४) स्तर निर्धारण समितिको बैठकको निर्णय सो समितिको अध्यक्षबाट प्रमाणित गराई छुट्टै अभिलेख तयार गरी राख्नु पर्नेछ।

(५) स्तर निर्धारण समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## पथप्रदर्शक सम्बन्धी व्यवस्था

२१. **पथप्रदर्शकको इजाजतपत्र लिन दरखास्त दिनु पर्ने**: (१) पथप्रदर्शकको इजाजतपत्र लिन चाहने व्यक्तिले एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-७ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजात संलग्न राखी सचिव समक्ष दरखास्त दिनु पर्नेछः-

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा मान्यता प्राप्त तालिमको प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रदेश सरकारको कुनै निकायबाट पथप्रदर्शकको तालिम प्राप्त गरेको भए त्यस्तो तालिमको प्रमाणपत्रको प्रतिलिपि,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको तीन प्रति फोटो,

(घ) कम्तीमा स्नातक तह उत्तीर्ण भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) नेपाली भाषा बाहेक अन्य भाषाको हकमा त्यस्तो भाषा अध्ययन गरेको वा सिकेको पुष्ट्याई हुने कागजातको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा सचिवले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-८ बमोजिमको ढाँचामा पथप्रदर्शकको इजाजतपत्र दिनेछ।

२२. **पथप्रदर्शकको इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्थाः** (१) पथप्रदर्शकको इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्र नवीकरण गर्न

आन्तरिक मामिला तथा कानून मन्त्रालय

चाहेमा त्यस्तो इजाजतपत्रको म्याद समाप्त हुनुभन्दा तीन महिना अगावै सचिव समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा सचिवले सो दरखास्त उपर आवश्यक जाँचबुझ गरी अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर लिई प्रत्येक पटक पाँच वर्षको लागि नवीकरण गरिदिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरण गर्ने म्याद नाघेपछि इजाजतपत्र नवीकरणका लागि दरखास्त परेमा देहायको अवधिको निमित्त नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई सचिवले इजाजतपत्र नवीकरण गरिदिन सक्नेछः-

(क) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको दुई महिनासम्म दुई सय रुपैयाँ,

(ख) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको चार महिनासम्म तीन सय रुपैयाँ,

(ग) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको छ महिनासम्म पाँच सय रुपैयाँ,

(घ) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेको एक वर्षसम्म एक हजार रुपैयाँ।

२३. **पथप्रदर्शकको इजाजतपत्रको प्रतिलिपि सम्बन्धी व्यवस्थाः** (१) ऐन र यस नियमावली बमोजिम प्रदान गरिएको पथप्रदर्शकको इजाजतपत्र हराएमा त्यस्तो इजाजतपत्रको प्रतिलिपि लिन सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिले सचिव समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त मनासिव देखिएमा सचिवले पाँचसय रुपैयाँ दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिन सक्नेछ।

२४. **पथप्रर्दशको इजाजतपत्र खारेज गर्ने अधिकारीः** ऐनको दफा २४ को उपदफा (१) को प्रयोजनको लागि पथप्रदर्शकको इजाजतपत्र खारेज गर्ने अधिकारी सचिव हुनेछ।

## परिच्छेद-५

## जलयात्रा सम्बन्धी व्यवस्था

२५. **जलयात्रा व्यवसायको ईजाजतपत्रको लागि दरखास्त दिनु पर्नेः** (१) जलयात्रा व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले इजाजतपत्रको लागि एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-९ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा दरखास्त साथ देहाय बमोजिमका कागजात तथा विवरण सलंग्न गर्नु पर्नेछः-

(क) कम्पनी भए कम्पनी दर्ता प्रमाणपत्र, नियमावली र प्रबन्ध पत्रको प्रतिलिपि, फर्म भए फर्म दर्ता प्रमाणपत्र,

(ख) दरखास्तवालाको व्यक्तिगत विवरण र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा तीन प्रति फोटो,

(ग) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) कार्यालय आफ्नो भवनमा रहने भए सोको नक्सा, घरजग्गाको मालपोत तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि र घरजग्गा भाडामा लिने भए घरजग्गा धनीसँगको सम्झौताको प्रतिलिपि,

(ङ) न्यूनतम सामग्रीको रुपमा दुईवटा जलयात्राका साधन (डुङ्गा), लाइफ ज्याकेट, हेलमेट, अनुमति प्राप्त रिभर गाइड लगायत मन्त्रालयले तोके बमोजिमको गुणस्तरका सुरक्षात्मक उपकरण तथा सामग्री भएको प्रमाणित हुने कागजात,

(३) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालयले आवश्यकता अनुसार स्थलगत रुपमा जाँचबुझ गरी इजाजतपत्र दिन मनासिव देखेमा दरखास्तवालालाई अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची- १० बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त इजाजतपत्र हराएमा वा नासिएमा प्रतिलिपिको लागि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिले मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ र दरखास्त मनासिव देखिएमा मन्त्रालयले एकहजार रुपैयाँ दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनेछ।

२६. **<u>कम्पनी वा फर्मको दर्ता तथा बैंङ्क जमानत सम्बन्धी व्यवस्था</u>**ः (१) जलयात्रा व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले इजाजतपत्र लिनु अघि देहाय बमोजिमको चालु वा चुक्ता पूँजी भएको कम्पनी वा फर्म दर्ता गरेको हुनु पर्नेछः-

(क) कम्पनीको हकमा कम्तीमा दश लाख रुपैयाँ,

(ख) फर्मको हकमा कम्तीमा पाँच लाख रुपैयाँ।

(२) जलयात्रा व्यवसायको इजाजतपत्रको लागि दरखास्त दिने व्यक्तिले इजाजतपत्र लिनु अघि इजाजतपत्र वहाल रहने अवधिभर सुरक्षण वापत मन्त्रालयको नाममा पाँच लाख रुपैयाँ बराबरको बैङ्क जमानत पेश गर्नु पर्नेछ।

२७. **<u>जलयात्रा व्यवसायको इजाजतपत्रको अवधि र नवीकरण</u>**ः (१) नियम २५ बमोजिम दिइएको जलयात्रा व्यवसायको इजाजतपत्रको वहाल अवधि पाँच वर्षको हुनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने जलयात्रा व्यवसायीले इजाजतपत्रको नवीकरणका लागि अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै एक सय रुपैयाँ दरखास्त दस्तुर सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको दरखास्त प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गरी नवीकरण गर्न उपयुक्त देखेमा अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर लिई इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

(४) उपनियम (२) बमोजिमको अवधि समाप्त भएपछि इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायी इजाजतपत्र नवीकरण गर्न आएमा

देहाय बमोजिमको थप दस्तुर लिई मन्त्रालयले इजाजतपत्र नवीकरण गर्न सक्नेछः-

(क) पहिलो दुई महिनासम्मको लागि नवीकरण दस्तुरको पचास प्रतिशत,

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिले पहिलो एक महिनासम्मको लागि नवीकरण दस्तुरको शत प्रतिशत।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि जलयात्रा व्यवसायीले इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः खारेज हुनेछ।

२८. **इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले पालना गर्नु पर्ने शर्तहरुः** इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) जलयात्रामा जाने व्यक्तिको नाम, ठेगानाको अभिलेख राख्ने,

(ख) नेपाल सरकार र प्रदेश सरकारले जलयात्राको लागि निषेध गरेका नदीमा जलयात्रा नगराउने,

(ग) जलयात्रा व्यवसाय सञ्चालन गर्न मन्त्रालयले जारी गरेका आचार संहिता र मापदण्ड पालना गर्ने,

(घ) जलयात्रा गर्दा वा गराउँदा सम्बन्धित कामको लागि नियुक्त कामदारबाट सेवा लिने,

(ङ) जलयात्रामा संलग्न हुने कामदारलाई आपसी करार गरेर काममा लगाउने,

(च) प्रत्येक वर्ष वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(छ) कार्यालयमा सबैले देख्ने गरी इजाजतपत्र राख्ने,

(ज) वातावरण, सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रचलित कानूनले तोकेको व्यवस्थाको पालना गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(झ) इजाजत लिंदा पेश गरेको विवरणमा कुनै हेरफेर वा संशोधन भएमा वा व्यवसाय वन्द गर्नु परेमा सोको विवरण तीस दिनभित्र मन्त्रालयमा पेश गर्ने,

(ञ) आफ्नो सेवा वापत जलयात्रीबाट लिईने सेवा शुल्कको विवरण मन्त्रालयलाई दिने र त्यस्तो विवरण कार्यालयमा सबैले प्रष्टसँग देख्ने ठाउँमा राख्ने।

२९. **<u>जलयात्रा व्यवसायको इजाजतपत्र खारेज गर्न सक्ने</u>**: (१) जलयात्रा व्यवसायीले यस नियमावली विपरीत जलयात्रा गराएमा मन्त्रालयले निजको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि मन्त्रालयले त्यस्तो जलयात्रा व्यवसायीलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज भएको जलयात्रा व्यवसायीले इजाजतपत्र खारेज भएको मितिबाट दुई वर्षसम्म जलयात्रा सम्बन्धी व्यवसाय गर्न पाउने छैन र निजलाई नयाँ इजाजत्रपत्र दिइने छैन।

(४) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज भएको कारणबाट मात्र त्यस्तो जलयात्रा व्यवसायी यस नियमावली बमोजिम पुरा गर्नु पर्ने दायित्वबाट मुक्त हुने छैन।

३०. **<u>सुरक्षा सम्बन्धी व्यवस्था</u>**: (१) जलयात्रा व्यवसायीले जलयात्रामा जाने पर्यटक तथा कामदारलाई जीवन सुरक्षा ज्याकेट (लाईफ ज्याकेट), हेलमेट जस्ता सुरक्षात्मक सामग्रीहरु उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सुरक्षात्मक सामग्री व्यवस्था नगरेको कारणबाट जलयात्रामा जाने व्यक्तिलाई कुनै किसिमको चोटपटक लागेमा वा निजको मृत्यु भएमा सम्बन्धित जलयात्रा व्यवसायीले त्यस्तो व्यक्तिलाई देहायको क्षतिपूर्ति तिर्नु पर्नेछः-

(क) चोटपटक लागेमा त्यस्तो चोटपटकको प्रकृति हेरी दुई लाख रुपैयाँसम्म,

(ख) मृत्यु भएमा पाँच लाख रुपैयाँसम्म।

(३) जलयात्राको सिलसिलामा कुनै दुर्घटना भएमा त्यस्तो दुर्घटनाको प्राथमिक खोज तथा उद्धार सम्बन्धी कार्य र जलयात्रीको मृत्यु भएकोमा शव व्यवस्थापन सम्बन्धित जलयात्रा व्यवसायीले गर्नु पर्नेछ।

**३१. <u>जलयात्रा व्यवसायी मार्फत जलयात्रा गर्नु पर्ने</u>ः** मन्त्रालयले अन्यथा स्वीकृति दिएकोमा बाहेक जलयात्रा गर्ने पर्यटकले यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायी मार्फत मात्र जलयात्रा गर्नु पर्नेछ।

## परिच्छेद-६

## रिभर गाइड सम्बन्धी व्यवस्था

**३२. <u>अनुमतिपत्रका लागि दरखास्त दिनु पर्ने</u>ः** रिभर गाइडको काम गर्न चाहने व्यक्तिले अनुमतिपत्रको लागि एकसय रुपैयाँ दरखास्त दस्तुर सहित देहाय बमोजिमका कागजात संलग्न राखी अनुसूची-११ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा प्रदान गरिएको मान्यताप्राप्त तालिमको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा तीन प्रति फोटो,

(ग) निरोगिताको प्रमाणपत्र,

(घ) विदेशबाट प्राप्त गरेको रिभर गाइडको तालिम भए नियम ३५ को उपनियम (१) बमोजिम गठित समितिले समकक्षता सम्बन्धमा गरेको सिफारिस।

**३३. <u>अनुमतिपत्र दिने</u>ः** नियम ३२ बमोजिम प्राप्त दरखास्त जाँचबुझ गर्दा दरखास्त दिने व्यक्ति अनुमतिपत्र दिन योग्य देखिएमा मन्त्रालयले अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-१२ बमोजिमको ढाँचामा रिभर गाइडको अनुमतिपत्र दिनेछ।

३४. **अयोग्यता**: देहायको व्यक्ति रिभर गाइडको अनुमतिपत्रको लागि योग्य हुने छैनः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त संस्थाबाट रिभर गाइडको तालिम नलिएको,

(घ) रिभर गाइडको अनुमतिपत्र खारेज भई तीन बर्षको अवधि भुक्तान भई नसकेको।

३५. **विदेशी तालिमको मान्यता**: (१) विदेशबाट प्राप्त गरेको रिभर गाइडको तालिमलाई मान्यता दिने सम्बन्धमा सिफारिस गर्ने प्रयोजनका लागि मन्त्रालयले रिभर गाइड सम्बन्धी तालिम दिन नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त वा प्रचलित कानून बमोजिम इजाजतपत्र वा अनुमतिपत्र प्राप्त संस्था समेतको प्रतिनिधित्व हुने गरी बढीमा तीन सदस्य रहेको एक समकक्षता निर्धारण समिति गठन गर्नेछ।

(२) उपनियम (१) बमोजिमको समितिले समकक्षता निर्धारण सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो तालिमलाई मान्यता दिन सकिने वा नसकिने व्यहोराको सिफारिस मन्त्रालयमा पेश गर्नेछ र सो समितिले त्यस्तो तालिमलाई मान्यता दिन सकिने व्यहोरा सिफारिस गरेमा मन्त्रालयले समकक्षता निर्धारण गरी त्यस्तो रिभर गाइडको तालिमलाई मान्यता दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिले उपनियम (२) बमोजिम विदेशी तालिमलाई मान्यता दिने सम्बन्धमा सिफारिस गर्दा लिने आधार मन्त्रालयले निर्धारण गरी सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

३६. **अनुमतिपत्रको अवधि र नवीकरण**: (१) अनुमतिपत्रको वहाल अवधि पाँच वर्षको हुनेछ।

(२) अनुमतिपत्र नवीकरण गराउन चाहने व्यक्तिले अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै अनुसूची-२ बमोजिमको दस्तुर बुझाई अर्को पाँच वर्षको लागि अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधि समाप्त भएपछि अनुमतिपत्र प्राप्त व्यक्ति अनुमतिपत्र नवीकरण गर्न आएमा मन्त्रालयले अनुमतिपत्रको वहाल अवधि समाप्त भएको मितिले देहायको अवधिको लागि नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई अनुमतिपत्र नवीकरण गरी दिनेछः-

(क) दुई महिनासम्मको लागि पच्चीस प्रतिशत,

(ख) दुई महिना भन्दा बढी छ महिनासम्मको लागि पचास प्रतिशत,

(ग) छ महिना भन्दा बढी नौ महिनासम्मको लागि पचहत्तर प्रतिशत,

(घ) नौ महिना भन्दा बढी एक वर्षसम्मको लागि शत प्रतिशत।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र पनि अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः खारेज हुनेछ।

३७. **<u>अनुमतिपत्र हराएमा प्रतिलिपि दिनेः</u>** (१) रिभर गाइडको लागि प्रदान गरिएको अनुमतिपत्र कुनै कारणले हराएमा सोको प्रतिलिपि प्राप्त गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दस्तुर बापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी चारसय रुपैयाँ दस्तुर लिई अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

३८. **<u>रिभर गाइडले गर्न नहुने कामः</u>** रिभर गाइडले देहायका काम गर्नु हुँदैनः-

(क) आफूले जलयात्रा गराएको पर्यटकसँग कुनै किसिमको मालसामान खरिद गर्न वा सो कामसँग सम्बन्धित व्यक्तिसँग नगद वा अरु कुनै चिज वस्तु माग्न वा लिन,

(ख) जलयात्रा व्यवसायीले उपलब्ध गराएका उपकरण बेचबिखन गर्न,

(ग) जलयात्रा व्यवसायीको निर्देशन विपरीत कार्य गर्न,

(घ) कुनै पनि किसिमले खराब आचरण प्रदर्शन गर्न,

(ङ) आफ्नो अनुमतिपत्र अरुलाई हस्तान्तरण गरी रिभर गाइडको काम गर्न लगाउन,

(च) मन्त्रालयबाट जारी गरिएको रिभर गाइडले पालना गर्नुपर्ने आचार संहिता विपरीत कार्य गर्न।

**३९. <u>रिभर गाइडको काम, कर्तव्य र अधिकार</u>:** रिभर गाइडको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जलयात्रीलाई जलयात्रा गराउन सकिने नदीमा जलयात्रा गराउने,

(ख) जलयात्राको लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट खुल्ला गरिएका नदीमा जलयात्रा टोलीलाई जलयात्रा गराउने,

(ख) जलयात्रा टोलीसँग अनुशासित र मर्यादित ढङ्गले सम्बन्ध राखी काम गर्ने,

(ग) जलयात्रा व्यवसायीबाट जलयात्राको लागि प्राप्त मालसामान हिनामिना हुन नदिने,

(घ) जलयात्रा टोलीलाई सुरक्षित र सरल तरिकाले जलयात्रा गराउन सहयोग गर्ने,

(ङ) जलयात्रा टोलीलाई कुनै विपद् परेमा उद्धार गर्ने र जलयात्रीको जीउधन संरक्षण गर्ने वा गराउने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) जलयात्राको सिलसिलामा सरसामान प्रयोग गर्दा निस्केका फोहोरमैला यस नियमावली बमोजिम व्यवस्थापन गर्ने वा गराउने,

(छ) मन्त्रालय र सम्बन्धित जलयात्रा व्यवसायीले दिएको निर्देशन बमोजिम काम गर्ने,

(ज) जलयात्राको सिलसिलामा कुनै विपद् आइपरेमा जलयात्रीको जीउ धन संरक्षण गर्न आवश्यक काम गर्ने वा गराउने।

४०. **<u>अनुमति खारेज गर्न सकिने</u>**: (१) देहायका अवस्थामा मन्त्रालयले रिभर गाइडले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्ति नियम ३४ बमोजिम अयोग्य भएमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले नियम ३८ मा उल्लेख भए बमोजिमको कुनै काम गरेमा।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि मन्त्रालयले निजलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई आफ्नो सफाई पेश गर्न मौका दिनु पर्नेछ।

४१. **<u>व्यक्तिगत दुर्घटना बीमा र क्षतिपुर्ति सम्बन्धी व्यवस्था</u>**: (१) इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले जलयात्रा टोलीसँग जाने रिभर गाइड वा कामदारको जलयात्रामा जानु अघि नेपालभित्र संस्थापित बीमा कम्पनीबाट जलयात्रा अवधिभरको लागि कम्तीमा दुई लाख रुपैयाँको दुर्घटना बीमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिमा गरिएको व्यक्तिको दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यु भएमा त्यस्तो व्यक्तिले बीमा कम्पनीबाट पाउनु पर्ने रकम निज वा निजले इच्छाएको कुनै व्यक्ति रहेछ भने निजलाई र त्यस्तो व्यक्ति पनि नभए निजको नजिकको हकवालालाई दिलाई दिने जिम्मेवारी सम्बन्धित जलयात्रा व्यवसायीको हुनेछ।

(३) उपनियम (१) बमोजिम बीमा गराउनु पर्ने व्यक्तिको बीमा नगराई जलयात्रा सम्बन्धी काममा लगाइएको अवस्थामा कुनै दुर्घटना परी अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत उपनियम (१) बमोजिमको बीमाको रकम बराबरको क्षतिपूर्ति सम्बन्धित जलयात्रा व्यवसायीले सम्बन्धित व्यक्तिलाई र निजको मृत्यु भएमा निजले इच्छाएको व्यक्ति र त्यस्तो व्यक्ति नभएमा निजको नजिकको हकवालालाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम बीमा नगराई रिभर गाइड वा अन्य कामदारलाई काममा लगाएमा मन्त्रालयले त्यस्तो जलयात्रा व्यवसायीलाई पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) जलयात्रा टोलीसँग जाने कामदारलाई जलयात्राको क्रममा सामान्य चोटपटक लागेमा जलयात्रा व्यवसायीले निजको खर्चमा त्यस्तो व्यक्तिको आवश्यक औषधोपचार गरिदिनु पर्नेछ।

४२. **रिभर गाइड र कामदारलाई दिनु पर्ने सुविधाः** इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले जलयात्रा टोलीसँग जाने रिभर गाइड वा कामदारलाई निजको मासिक पारिश्रमिकको अतिरिक्त जलयात्रा अवधिभरको लागि कम्तीमा अनुसूची-१३ बमोजिमको सुविधा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-७

## साहसिक पर्यटन व्यवसाय र मनोरञ्जनात्मक पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था

४३. **इजाजतपत्र लिनु पर्नेः** (१) साहसिक पर्यटन व्यवसाय वा मनोरञ्जनात्मक पर्यटन व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले इजाजतपत्र प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु संलग्न राखी मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) साहसिक पर्यटन व्यवसाय वा मनोरञ्जनात्मक पर्यटन व्यवसायको प्रकार, सञ्चालन हुने स्थानको विवरण र नक्सा सहितको व्यवासायिक योजना,

(ग) शेयर धनीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण,

(घ) फर्म भए फर्म दर्ताको प्रमाणपत्र र कम्पनी भए कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ङ) प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(च) कम्पनीले व्यवस्थापकीय तथा कानूनी पूर्वाधार खडा गर्न गरेको कार्यसम्पादन सम्बन्धी विवरण,

(छ) बीमा र सुरक्षासँग सम्बन्धित सामग्रीको विवरण,

(ज) अन्य मन्त्रालय वा निकायको स्वीकृति वा सहमति आवश्यक पर्नेमा सो सम्बन्धी कागजात,

(झ) मन्त्रालयले आवश्यक ठानी माग गरेका अन्य आवश्यक कागजात।

(२) उपनियम (१) बमोजिम प्राप्त हुन आएको दरखास्त उपर मन्त्रालयले आवश्यक जाँचबुझ गरी त्यस्तो व्यवसाय सञ्चालन गर्न उपयुक्त देखिएमा अनुसूची-२ बमोजिमको दस्तुर लिई दरखास्तवालालाई इजाजतपत्र दिनेछ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र दिनु पूर्व मन्त्रालयले स्थलगत निरीक्षण गर्न सक्नेछ त्यसरी निरीक्षण गर्ने प्रयोजनको लागि मन्त्रालयले अधिकृत कर्मचारीको संयोजकत्वमा सम्बन्धित क्षेत्रका प्राविधिक सहितको टोली गठन गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम गठित टोलीले स्थलगत निरीक्षण गरी उल्लिखित व्यवसायको उपादेयता, त्यसले प्रदेशको पर्यटकीय क्षेत्रमा पार्ने सकारात्मक प्रभाव, सुरक्षा सम्बन्धी मापदण्ड तथा प्राविधिक उपयुक्तता लगायतका विषयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

४४. **<u>इजाजतपत्र नवीकरणः</u>** (१) नियम ४३ बमोजिम प्राप्त इजाजतपत्रको वहाल अवधि पाँच बर्षको हुनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने साहसिक पर्यटन व्यवसायी वा मनोरञ्जनात्मक पर्यटन व्यवसायीले उपनियम (१) बमोजिमको अवधि समाप्त हुनभन्दा तीन महिना अगावै देहाय बमोजिमका कागजात संलग्न राखी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ख) विगत पाँच वर्षको अवधिमा साहसिक वा मनोरञ्जनात्मक क्रियाकलापमा भाग लिएका व्यक्तिको विवरण,

(ग) शेयरधनीहरुको अद्यावधिक लगत।

(३) उपनियम (२) बमोजिम नवीकरणको लागि निवेदन प्राप्त भएमा मन्त्रालयले आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी इजाजतपत्र नवीकरण गर्न उपयुक्त देखेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्र नवीकरण गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधि समाप्त भएपछि इजाजतपत्र प्राप्त साहसिक पर्यटन व्यवसायी वा मनोरञ्जनात्मक पर्यटन व्यवसायी इजाजतपत्र नवीकरण गर्न आएमा मन्त्रालयले इजाजतपत्र वहाल अवधि समाप्त भएको मितिले देहायको अवधिको लागि नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिनेछः-

(क) तीन महिनासम्मको लागि पचास प्रतिशत,

(ख) तीन महिना भन्दा बढी छ महिनासम्मको लागि शत प्रतिशत।,

(५) उपनियम (४) बमोजिमको अवधिभित्र पनि नवीकरण नगर्ने साहसिक पर्यटन व्यवसाय वा मनोरञ्जनात्मक पर्यटन व्यवसायको इजाजतपत्र स्वतः खारेज हुनेछ।

४५. **शर्त तोक्न सक्नेः** (१) मन्त्रालयले साहसिक पर्यटन व्यवसाय र मनोरञ्जनात्मक पर्यटन व्यवसाय सञ्चालनको इजाजतपत्र प्राप्त गर्ने व्यवसायीले पालना गर्नु पर्ने शर्तहरु तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएका शर्तको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीको कर्तव्य हुनेछ।

४६. **इजाजतपत्रको खारेजी**ः (१) साहसिक पर्यटन व्यवसाय वा मनोरञ्जनात्मक पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजतपत्र पाएको पर्यटन व्यवसायीले यस नियमावलीमा उल्लिखित कुनै प्रावधानको उल्लंघन गरेमा वा दिएको निर्देशन पालना नगरेमा मन्त्रालयले आवश्यक छानवीन गरी त्यस्तो व्यवसायको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित पर्यटन व्यवसायीलाई सफाई पेश गर्ने मुनासिव माफिकको मौका दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजतपत्र खारेज भएको कारणबाट मात्र त्यस्तो साहसिक पर्यटन व्यवसायी वा मनोरञ्जनात्मक पर्यटन व्यवसायी कानूनी दायित्वबाट मुक्त हुने छैन।

४७. **सुरक्षा सम्बन्धी व्यवस्थाः** साहसिक पर्यटन व्यवसाय वा मनोरञ्जनात्मक पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजतपत्र पाएको पर्यटन व्यवसायीले साहसिक वा मनोरञ्जनात्मक क्रियाकलापमा देहाय बमोजिमको सुरक्षाको प्रबन्ध गर्नु पर्नेछः-

(क) साहसिक वा मनोरञ्जनात्मक क्रियाकलापमा भाग लिने प्रत्येक व्यक्ति, कर्मचारी र कामदारको बीमा र सुरक्षाको प्रर्याप्त व्यवस्था गरेको हुनु पर्ने,

(ख) साहसिक वा मनोरञ्जनात्मक क्रियाकलापमा प्रयोग हुने उपकरण तथा सामग्रीहरु अन्तराष्ट्रिय गुणस्तर प्राप्त कम्पनीबाट उत्पादन भएको र सुरक्षा सम्बन्धी सम्पूर्ण मापदण्डहरु पूरा भएको, त्यस्ता उपकरण तथा सामग्रीहरु उत्पादक कम्पनी वा दक्ष प्राविधिकबाट समय समयमा जाँच गराएको हुनु पर्ने,

(ग) साहसिक वा मनोरञ्जनात्मक क्रियाकलापमा भाग लिने प्रत्येक व्यक्ति तथा कामदारलाई कुनै चोटपटक लागेमा उद्दार र उपचारको प्रबन्ध र निजको मुत्यु भएमा प्रचलित कानूनले तोके बमोजिमको क्षतिपूर्ति तथा बीमाको व्यवस्था गर्नु पर्ने,

(घ) साहसिक वा मनोरञ्जनात्मक क्रियाकलापमा भाग लिने व्यक्ति र सञ्चालन हुने स्थलमा काम गर्ने कर्मचारी तथा कामदारहरुको व्यक्तिगत दुर्घटना बीमा गराएको हुनु पर्ने,

(ङ) साहसिक वा मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन हुने स्थलमा प्रत्यक्ष रुपमा खटिने कर्मचारी तथा कामदार मान्यता प्राप्त संस्थाबाट तालिम लिएको हुनु पर्ने।

## परिच्छेद-८

## विविध

४८. **पर्वतारोहण सम्बन्धी व्यवस्थाः** (१) प्रचलित संघीय कानून बमोजिम अनुमति प्राप्त गरेका पर्वतारोही दलले प्रदेशभित्रका हिमालचुली आरोहणका लागि अनुमति प्राप्त गर्न एकसय रुपैयाँ दस्तुर सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा मन्त्रालयले पाँचहजार रुपैयाँ दस्तुर लिई प्रदेशका हिमालचुली आरोहणको अनुमति दिन सक्नेछ।

४९. **<u>साँस्कृतिक, ऐतिहासिक पर्यटन प्रवर्द्धन र संग्रहालय व्यवस्थापन</u>**ः (१) प्रदेश सरकारले ऐनको दफा २९ बमोजिम पुरातात्विक, साँस्कृतिक वा ऐतिहासिक महत्वका स्थान तथा सम्पदा पहिचान गरी प्रदेश राजपत्रमा सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पहिचान गरिएका स्थान तथा सम्पदाको संरक्षणको लागि प्रदेश सरकारले संग्रहालय व्यवस्थापन गर्न सक्नेछ।

५०. **<u>साँस्कृतिक समुह सम्बन्धी व्यवस्था</u>**ः (१) ऐनको दफा ३० बमोजिम साँस्कृतिक समुह गठन गर्दा सम्भव भएसम्म स्थानीय सबै जातजातिको प्रतिनिधित्व हुने गरी समावेशिताको आधारमा समुह गठन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गठन भएको समुहले देहाय बमोजिमका कागजात संलग्न राखी समुह गठन भएको विवरण मन्त्रालयमा पेश गर्नु पर्नेछः-

(क) समुह गठन भएको निर्णयको प्रतिलिपि,

(ख) समुहको उद्देश्य,

(ग) समुहले गर्ने क्रियाकलापहरु,

(घ) समुहले पर्यटन प्रवर्द्धनमा पुऱ्याउने योगदान सम्बन्धी विवरण।

(३) उपनियम (२) बमोजिम समुह गठनको विवरण पेश भएमा मन्त्रालयले दर्ता किताब बनाई समुह दर्ता विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता भएका समुहलाई मन्त्रालयले प्रदेशको पर्यटन प्रवर्द्धनका लागि आवश्यक प्रचार प्रसारका कार्यमा लगाउन सक्नेछ।

५१. **<u>होम स्टे सञ्चालन सम्बन्धी व्यवस्था</u>**ः (१) कुनै व्यक्ति वा समुदायले होम स्टे सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहमा दर्ता गराएर मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) होम स्टेको दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित स्थानीय तहले कानून नबनाएको अवस्थामा मन्त्रालयले बनाएको कार्यविधि बमोजिम होम स्टेको दर्ता, सञ्चालन तथा नियमन हुनेछ।

**५२.** **पर्यटकीय क्षेत्रको पूर्वाधार विकासः** (१) मन्त्रालयले पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका लागि प्रचलित कानूनको अधिनमा रही नेपाल सरकार वा स्थानीय तहसँगको समन्वयमा पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) प्रदेश सरकार, प्रदेश सरकार र स्थानीय तहवीचको वित्तिय साझेदारी वा प्रदेश सरकारको अनुदानबाट स्थानीयतहबाट निर्माण भएका पर्यटकीय पूर्वाधारहरुको दिगो व्यवस्थापनको लागि मन्त्रालयले कार्यविधि बनाई आवश्यक व्यवस्थापन गर्न सक्नेछ।

**५३.** **स्वीकृति विना मालसामान बिक्री वा हक हस्तान्तरण गर्न नहुनेः** इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीले नेपाल सरकारबाट परिवर्त्य विदेशी मुद्रा वा अरु कुनै किसिमको सहुलियत पाई खरिद गरेको मालसामान मन्त्रालयको स्वीकृति बिना कसैलाई बिक्री वा हक हस्तान्तरण गर्न हुँदैन।

**५४.** **रकम असुल गराई दिन सक्नेः** (१) कुनै कामदारले ऐन तथा यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीबाट लिन बाँकी रहेको पारिश्रमिक भराई पाउन मन्त्रालय समक्ष दरखास्त दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा त्यस्तो दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनाशिव देखिएमा मन्त्रालयले सम्बन्धित पर्यटन व्यवसायीलाई त्यस्तो कामदारलाई पारिश्रमिक तथा सुविधा उपलब्ध गराउन निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम निर्देशन दिंदा समेत सम्बन्धित पर्यटन व्यवसायीले पारिश्रमिक र सुविधा वापतको रकम भुक्तानी नदिएमा मन्त्रालयले सम्बन्धित पर्यटन व्यवसायीले मन्त्रालयको नाममा

राखेको बैङ्क जमानत रकमबाट कट्टी हुने गरी सम्बन्धित दरखास्तवालालाई रकम भुक्तानी दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम मन्त्रालयले रकम भुक्तानी दिएमा त्यसरी भुक्तानी दिए बरावरको रकम सम्बन्धित पर्यटन व्यवसायीले पैंतीस दिनभित्र पुनः बैङ्क जमानतको रुपमा मन्त्रालयको नाममा दाखिला गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको रकम जम्मा नगरेमा मन्त्रालयले सम्बन्धित पर्यटन व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित पर्यटन व्यवसायीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

**५५. आचार संहिता बनाई लागू गर्न सक्नेः** मन्त्रालयले पर्यटन व्यवसायीले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्न सक्नेछ र त्यस्तो आचार संहिताको पालना गर्नु सम्बन्धित पर्यटन व्यवसायीको कर्तव्य हुनेछ।

**५६. करार गराएर मात्र काममा लगाउनु पर्नेः** (१) इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीले कुनै व्यक्तिलाई पर्यटन व्यवसाय सम्बन्धी काममा लगाउँदा अनुसूची-१४ बमोजिमको ढाँचामा करार गरी काममा लगाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम करारमा राखिएको व्यक्तिको विवरण र दिएको सेवा सुविधा समेत खुल्ने गरी नियम ६० बमोजिम पेश गरिने प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

**५७. बीमा सम्बन्धी व्यवस्थाः** (१) पर्यटन व्यवसायीले पर्यटन व्यवसायमा संलग्न कामदार, कर्मचारी तथा पर्यटकका लागि नेपालभित्र संस्थापित बीमा कम्पनीबाट कम्तीमा दश लाख रकम बराबरको तेश्रो पक्ष बीमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको बीमाङ्क रकम पर्यटन व्यवसायमा संलग्न कुनै कामदार, कर्मचारी वा पर्यटक दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यू भएमा त्यस्तो पर्यटन व्यवसायमा संलग्न कामदार, कर्मचारी वा पर्यटकले बीमा कम्पनीबाट पाउनु पर्ने रकम निज वा निजको मृत्यू

भएमा निजले इच्छाएको व्यक्ति भए त्यस्तो व्यक्ति र निज पनि नभए निजको नजिकको हकवालालाई दिलाई दिने जिम्मेवारी सम्बन्धित पर्यटन व्यवसायीको हुनेछ।

(३) उपनियम (२) बमोजिमको रकम पाउने व्यक्ति नाबालक भएमा निजले पाउने रकम सम्बन्धित बीमा कम्पनी वा इजाजतपत्र प्राप्त व्यक्तिले मन्त्रालयमा बुझाउनु पर्नेछ र मन्त्रालयले त्यस्तो नाबालक बालिग नभएसम्म निजको पालन पोषणको आवश्यक व्यवस्था मिलाउनको लागि सो रकमको उपयुक्त व्यवस्था गर्नेछ।

(४) पर्यटन व्यावसायीले बीमाङ्क रकम उपलब्ध नगराएको भनी पीडितले मन्त्रालयमा उजुरी दिएमा पर्यटन व्यवसायीको बैंक जमानतबाट त्यस्तो रकम मन्त्रालयले पीडितलाई दिलाउन सक्नेछ।

(५) यस नियमावली बमोजिम कुनैपनि पर्यटन व्यवसायीले बीमा नगराई कामदार तथा कर्मचारीलाई काममा लगाएमा वा पर्यटन सेवा सञ्चालन गरेमा मन्त्रालयले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(६) ऐन तथा यो नियमावलीमा तोकिएको रकम अनुसारको बीमा गराउने प्रयोजनका लागि पर्यटन व्यवसायको प्रकृति तथा कामदार वा कर्मचारीको प्रकृति अनुसार पर्यटन व्यवसायीलाई प्रदेश सरकार वा मन्त्रालयले निश्चित सुविधा उपलब्ध गराउन सक्नेछ।

**५८. <u>अनलाइन प्रणालीबाट सेवा उपलब्ध गराउन सक्नेः</u>** (१) मन्त्रालयले यस नियमावली बमोजिम गरिने काम, कारवाही आवश्यकता अनुसार अनलाइन प्रणालीबाट समेत गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनलाइन प्रणालीबाट गरिने काम, कारवाहीको शर्त र प्रक्रिया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

**५९. <u>पर्यटन व्यवसायको पहिचान सम्बन्धी व्यवस्थाः</u>** पर्यटन व्यवसायीले आफ्नो व्यवसायको पहिचानका लागि प्रयोग गर्ने विभिन्न प्रकारका बोर्ड,

सूचना पार्टी वा अन्य यस्तै प्रकारका प्रचारात्मक सामग्रीहरुमा हरियो पृष्ठभूमिमा सेतो अक्षरको प्रयोग गर्नु पर्नेछ।

६०. **प्रतिवेदन पेश गर्नु पर्नेः** पर्यटन व्यवसायीले बार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र आफ्नो कारोवारको विवरण सहितको प्रतिवेदन अनुसूची-१५ बमोजिमको ढाँचामा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

६१. **विवरण हेरफेर सम्बन्धी व्यवस्थाः** (१) पर्यटन व्यवसायीले आफूले सञ्चालन गर्दै आएको पर्यटन व्यवसायको साविकको नाम वा ठेगाना परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारी समक्ष सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले विवरण परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाई सोको निस्सा दिनु पर्नेछ।

६२. **व्यवसाय बन्द गर्नु परेमा सूचना दिनु पर्नेः** ऐन र यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीले आफ्नो व्यवसाय बन्द गरेमा सोको सूचना मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीलाई दिनु पर्नेछ।

६३. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठकमा छलफल हुने विषय सहितको सूचना समितिको बैठक बस्नुभन्दा पाँच दिन अगावै समितिका सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६४. **<u>कार्यकारी निर्देशकको छनौट विधि र प्रक्रियाः</u>** (१) कार्यकारी निर्देशकको नियुक्ति देहायको समितिको सिफारिसमा मन्त्रालयबाट हुनेछः-

(क)सचिव, मन्त्रालय -अध्यक्ष

(ख)प्रतिनिधि (उपसचिवस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, -सदस्य

(ग)प्रतिनिधि (उपसचिवस्तर), आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(२) उपनियम (१) बमोजिमको समितिको सचिवालयको कार्य मन्त्रालयको पर्यटन प्रवर्धन महाशाखाले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना मार्फत कार्यकारी निर्देशकको पदपूर्तिको लागि दरखास्त आव्हान गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिले ऐनको दफा ४२ बमोजिमको योग्यता र उपनियम (६) बमोजिम मन्त्रालयले निर्धारण गरेको छनौट विधि र मापदण्ड बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(५) उपनियम (४) बमोजिम सिफारिस भएका उम्मेदवारहरु मध्येबाट एक जनालाई मन्त्रालयले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(६) कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि सिफारिस गर्ने विधि र प्रक्रियाका सम्बन्धमा देहाय बमोजिमका मूल्याङ्कनका आधार लिई मन्त्रालयले कार्यकारी निर्देशकको छनौट सम्बन्धी कार्यविधि तथा मापदण्ड निर्धारण गर्न सक्नेछः-

(क) शैक्षिक योग्यता वापत पन्ध्र अङ्क,
(ख) कार्य अनुभव बापत पन्ध्र अङ्क,
(ख) व्यवसायिक कार्ययोजना वापत चालिस अङ्क,
(ग) कार्ययोजना प्रस्तुतिकरण बापत दश अङ्क,
(घ) अन्तवार्ता बापत बीस अङ्क।

६५. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा ४४ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय एवम् निर्देशन कार्यान्वयन गर्ने,
(ख) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,
(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,
(घ) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने,
(ङ) समितिबाट स्वीकृत दीर्घकालीन तथा अल्पकालीन योजना तथा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,
(च) खण्ड (ङ) बमोजिम अनुगमन तथा मूल्याङ्कनको क्रममा देखा परेका समस्याको समाधानको लागि आवश्यक सुझाव तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(छ) समितिले गरेका प्रत्येक निर्णयको अभिलेख, गर्नु पर्ने काम र कारोबारसँग सम्बन्धित कागजात अद्यावधिक गरी सुरक्षित राख्ने,

(ज) अध्यक्षसँग परामर्श गरी समितिको बैठकमा पेश गरिने कार्यसूची तयार गर्ने,

(झ) अध्यक्षले दिएका निर्देशन पालना गर्ने वा गराउने,

(ञ) समितिको चल, अचल सम्पत्तिको सुरक्षाको आवश्यक प्रबन्ध गर्ने वा गराउने,

(ट) समितिले तोकेको अन्य काम गर्ने।

६६. **अधिकारी तोकिएको**: ऐनको दफा ४७ बमोजिमको अधिकार प्रयोग गर्ने अधिकारी सचिव हुनेछ।

६७. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने**: (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-२ मा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

(२) मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-१, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४ र १५ मा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

## ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

ट्राभल/ ट्रेकिङ्ग एजेन्सीको काम गर्न/ सञ्चालन भएको ट्राभल/ट्रेकिङ्ग एजेन्सीलाई अद्यावधिक गर्न इच्छा भएकोले देहायका विवरण खुलाई यो दरखास्त पेश गरेको छुः-

**१. प्रस्तावित ट्राभल/ ट्रेकिङ्ग एजेन्सीको,–**

(क) नाम :

(ख) ठेगाना :

(ग) धनी/शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

| क्र.सं. | नाम | उमेर | ठेगाना | शेयर वा हिस्सा | | सञ्चालित /नँया |
|---|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत | |
| | | | | | | |

**२. ट्राभल/ ट्रेकिङ्ग एजेन्सीमा लगानी गरेको पूँजी :-**

(क) अधिकृत पूँजीः (ख) स्थिर पूँजीः (ग) जारी पूँजीः

(घ) चालु पूँजीः (ङ) चुक्ता पूजीः

**३. ट्राभल/ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालय खोल्ने भएमा,-**

(क) संख्याः (ख) स्थानः



आन्तरिक मामिला तथा कानून मन्त्रालय

४. आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित पर्यटक संख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरणः

| वर्ष | पर्यटकको संख्या | विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख देशहरु |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

५. प्रस्तावित जनशक्तिको विवरणः

| संख्या | टिकेटिङ्ग अफिसर | ट्राभल/ट्रेकिङ्ग अफिसर | प्रशासनिक कर्मचारी | लेखाको कर्मचारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

६. सवारी साधनको प्रस्तावित व्यवस्था :

| सवारी साधन | संख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| बस | | | |
| मिनिबस | | | |
| माइक्रोबस | | | |
| जीप | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | |
|---|---|---|---|
| कार | | | |
| अन्य | | | |

**७. विदेशी ट्राभल वा ट्रेकिङ्ग वा अन्य त्यस्तै प्रकृतिका एजेन्सीहरुसँग सम्बद्ध कायम गरिने भएमा त्यसको,–**

नामः ठेगानाः

टेलिफोनः फ्याक्सः

वेबसाइट : इमेलः

**८. अन्य कुनै कुरा भए : ........................................................................**

**९. संलग्न गर्नु पर्ने कागजातहरुः**

(क) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) फर्म दर्ता भएको प्रमाणपत्र,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालन भै रहेको भए इजाजतपत्र सम्बन्धी कागजात,

(ङ) अन्य आवश्यक कागजात।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**दरखास्तवालाको,–**

सही :

नाम :

पूरा ठेगाना :

मिति :

अनुसूची -२

(नियम ४ को उपनियम (१), नियम ७ को उपनियम (३), नियम १३ को उपनियम (४), नियम २१ को उपनियम (२), नियम २२ को उपनियम (२), नियम २५ को उपनियम (३), नियम २७ को उपनियम (३), नियम ३३, नियम ३६ को उपनियम (२), नियम ४३ को उपनियम (२) र नियम ४४ उपनियम (३) सँग सम्बन्धित)

**पर्यटन व्यवसायको दर्ता (इजाजत) तथा नवीकरण दस्तुर**

**(१) पर्यटन व्यवसायको दर्ता (इजाजत) तथा नवीकरण दस्तुर**:

| सि.नं. | पर्यटन व्यवसाय | इजाजत दस्तुर (रुपैयाँ) | नवीकरण दस्तुर (रुपैयाँ) | कैफियत |
|---|---|---|---|---|
| १ | ट्राभल वा ट्रेकिङ्ग एजेन्सी | पच्चीस हजार | पच्चीस हजार | |
| २ | पर्यटक स्तरका होटल तथा लज, रेष्टुँरा तथा रिजर्ट वा बार | | | |
| | साधारण होटल | पाँच हजार | पाँच हजार | |
| | एक तारा होटल | दश हजार | दश हजार | |
| | दुई तारा होटल | बीस हजार | बीस हजार | |
| | तीन तारा होटल | तीस हजार | तीस हजार | |
| | चार तारा होटल | चालीस हजार | चालीस हजार | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | पाँच तारा होटल (साधारण) | पचास हजार | पचास हजार | |
| | पाँच तारा होटल (डिलक्स) | साठी हजार | साठी हजार | |
| | पर्यटक आवास (साधारण) | दश हजार | दश हजार | |
| | पर्यटक आवास (डिलक्स) | चालिस हजार | चालिस हजार | |
| | लज, रेष्टुँरा तथा रिजर्ट वा बार | पाँच हजार | पाँच हजार | |
| ३ | जलयात्रा व्यवसायको इजाजतपत्र | दश हजार | दश हजार | |
| ४ | पथप्रदर्शकको इजाजतपत्र | एक हजार | पाँच सय | |
| ५ | रिभर गाइडको अनुमतिपत्र | एक हजार | पाँच सय | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) <u>साहसिक तथा मनोरञ्जनात्मक पर्यटन व्यवसायको दर्ता (इजाजत) तथा नवीकरण दस्तुर</u>:

| सि.नं. | पर्यटकीय क्रियाकलापहरु | इजाजत दस्तुर (रुपैयाँ) | नवीकरण दस्तुर (रुपैयाँ) | कैफियत |
|---|---|---|---|---|
| १ | स्काइङ | पच्चीस हजार | तेह्र हजार | |
| २ | क्यानोइङ | तीस हजार | पन्ध्र हजार | |
| ३ | केवलकार | पचास हजार | पच्चीस हजार | |
| ४ | एम्यूजमेन्ट पार्क र फन पार्क | पचास हजार पाँच सय | पच्चीस हजार | |
| ५ | केवलकार सहित एम्यूजमेन्ट पार्क | पच्चहत्तर हजार | पैत्तिस हजार | |
| ६ | बञ्जी जम्पिङ | चालिस हजार | बीस हजार | |
| ७ | जीप फ्लायर | चालीस हजार | बीस हजार | |
| ८ | अन्य साहसिक गतिविधि | पचास हजार | पच्चीस हजार | |
| ९ | पार्क तथा अन्य मनोरञ्जनात्मक क्रियाकलाप | तीस हजार रुपैयाँ | पन्ध्र हजार | |

अनुसूची-३

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**<u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको ढाँचा</u>**

इजाजतपत्र संख्या :

श्री ............................

तपाईलाई प्रदेश पर्यटन ऐन, २०७८ तथा प्रदेश पर्यटन नियमावली, २०८० बमोजिम ट्राभल/ट्रेकिङ्ग एजेन्सीको काम गर्न यो इजाजतपत्र दिइएको छ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको,–

(क)नामः

(ख)ठेगानाः

(ग)धनी/संस्थापक शेयरधनी/प्रोप्राइटरको नाम र विवरणः

२. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको,–

(क)नामः

(ख)मूल कार्यालय रहने ठेगानाः

(ग)शाखा कार्यालय रहने ठेगानाः <u>कार्यालयको छाप</u>

**इजाजतपत्र दिने अधिकारीको,–**

सहीः

नामः

पदः

कार्यालयः मितिः

**<u>नवीकरणको विवरण</u>**

| इजाजतपत्रको अवधि | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-४

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

**पर्यटक स्तरको होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बारमा दर्ताका लागि दिईने दरखास्तको ढाँचा**

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

मैले/ हामीहरुले सञ्चालन गरिरहेको ............................ लाई प्रदेश पर्यटन नियमावली, २०८० को नियम १३ बमोजिम पर्यटक स्तरको ..............................होटल/पर्यटक आवास/लज/ रेष्टुराँ तथा रिजर्ट वा बारमा दर्ता गरी पाउनको निमित्त दरखास्त दस्तुर बापतको रकम यसै साथ संलग्न राखी निवेदन गर्दछु/ गर्दछौ।

प्रदेश पर्यटन ऐन, २०७८ र प्रदेश पर्यटन नियमावली, २०८० को अधीनमा रही आफ्नो कारोवार सञ्चालन गर्नेछु/ गर्नेछौ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-५

(नियम १३ को उपनियम (१) को खण्ड (ङ) सँग सम्बन्धित)

**स्थानीय तहले सिफारिस गर्दा खुलाउनु पर्ने विवरण**

(क) व्यवसाय गर्न लागिएको स्थान,

(ख) जग्गाको क्षेत्रफल र चारकिल्ला,

(ग) भवन निर्माण सम्बन्धी विवरण (भौतिक बनावट, कोठाको संख्या, साइज, स्नानघर र शौचालयको व्यवस्था सम्बन्धी)

(घ) भौतिक पूर्वाधार (खानेपानी, ढल, बत्ती, बाटो) को विवरण,

(ङ) ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका वस्तुलाई असर पार्ने, नपार्ने,

(च) वातावरण सम्बन्धी विवरण,

(छ) वरिपरिको दृष्य, उपयुक्तता र स्तरीयता जस्ता अन्य आवश्यक कुरा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-६

(नियम १३ को उपनियम (४) सँग सम्बन्धित)

**पर्यटकस्तरको होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बारमा दर्ताको प्रमाण-पत्रको ढाँचा**

प्रमाण-पत्र संख्या :

श्री ..............................

**विषय : पर्यटकस्तरको होटल, लज, रेष्टुँरा तथा रिजर्ट वा बारमा दर्ताको प्रमाण-पत्र।**

तपाईलाई पर्यटक स्तरको होटल/लज/ रेष्टुँरा/रिजर्ट/ बार दर्ता गरी सञ्चालन गर्न प्रदेश पर्यटन नियमावली, २०८० को नियम १३ को उपनियम (४) बमोजिम ........................... यो प्रमाण-पत्र दिइएको छ।

प्रमाण-पत्र प्राप्त व्यक्तिको,–

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयरधनी/प्रोप्राइटरको नाम र विवरणः

(घ) स्तर दर्ता प्रमाण-पत्रको अवधिः

(ङ) स्तरः कार्यालयको छाप

**प्रमाण-पत्र दिने अधिकारीको,–**

सहीः

नामः

पदः

कार्यालयः मितिः

**नवीकरणको विवरण**

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-७

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

**पथप्रदर्शकको इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा**

श्रीमान् सचिवज्यू,

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

महोदय,

मलाई पथ प्रदर्शको काम गर्ने इच्छा भएकोले प्रदेश पर्यटन ऐन, २०७८ को दफा १९ को उपदफा (२) बमोजिम इजाजतपत्र पाउँनको निमित्त दरखास्त दस्तुर यसैसाथ राखी निम्न लिखित व्यहोरा खुलाई निवेदन गरेको छु। पासपोर्ट साइजको तीन प्रति फोटो र मान्यताप्राप्त ..........................तालिम प्रतिष्ठानबाट प्राप्त प्रमाणपत्रको नक्कल यसैसाथ पेश गरेको छु। सक्कल मन्त्रालयले चाहेको बखतमा पेश गर्नेछु। इजाजतपत्र पाएमा प्रचलित कानूनको अधीनमा रही पथप्रदर्शक सम्बन्धी काम गर्नेछु।

**निवेदकको**,-

(क) नाम, थर र वतनः

(ख) बाबुको नाम, थर र वतनः

(ग) बाजेको नाम, थर र वतनः

(घ) शैक्षिक योग्यता वा तालिमः

(ङ) उमेरः

(च) अनुभवः

मितिः-

**निवेदकको**,-

सहीः

नामः

ठेगानाः

मितिः

अनुसूची-८

(नियम २१ को उपनियम (२) सँग सम्बन्धित)

**<u>पथप्रदर्शकको इजाजतपत्रको ढाँचा</u>**

१. पथप्रदर्शकको पूरा नाम:

२. ठेगाना:

(क) स्थायी:

(ख) अस्थायी:

३. पारिश्रमिकको विवरण:

(क) ....................

(ख) ....................

४. पथ प्रदर्शन गर्ने भाषा:

५. इजाजतपत्रको म्याद .................. देखि ...................... सम्म श्री ................... लाई प्रदेश पर्यटन ऐन, २०७८ र प्रदेश पर्यटन नियमावली, २०८० बमोजिम पथप्रदर्शकको काम गर्न यो इजाजतपत्र दिइएको छ।

**<u>इजाजतपत्र दिने अधिकारीको,-</u>** <u>मन्त्रालयको छापः</u>

सहीः

नामः

दर्जाः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-९

(नियम २५ सँग सम्बन्धित)

## <u>जलयात्रा व्यवसायको इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा</u>

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

**विषय : <u>इजाजतपत्र पाउँ</u>।**

जलयात्रा व्यवसाय सञ्चालन गर्न देहायका विवरण खुलाई यो दरखास्त पेश गरेको छु:-

**१. जलयात्रा व्यवसायीको,–**

(क) नाम :

(ख) ठेगाना :

(ग) धनी/शेयर धनी/प्रोप्राइटरको नाम र विवरण :

| क्र.सं. | नाम | उमेर | ठेगाना | शेयर वा हिस्सा | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत | |
| | | | | | | |

**२.जलयात्रा व्यवसायमा लगानी गरिने/गरेको पुँजीको विवरणः**

(क) कम्पनीको चुक्ता पूँजी :

(ख) कम्पनीको जारी पूँजीः

(ग) कम्पनीको अधिकृत पूँजीः

(घ) कम्पनीको स्थिर पूँजीः

(ङ) फर्म भए फर्मको जायजेथाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**३.आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित पर्यटक संख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरणः**

| वर्ष | पर्यटकको संख्या | विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख देशहरु |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

**४. प्रस्तावित जनशक्तिको विवरणः**

| रिभर गाइड | प्रशासनिक | लेखा | अन्य | जम्मा |
|---|---|---|---|---|
| | | | | |

**५.जलयात्रा सञ्चालन गर्न आवश्यक हुने साधनहरुको प्रस्तावित विवरणः**

| सामाग्री | प्रस्तावित संख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| | | | |

**६. विदेशी जलयात्रा व्यवसायी वा अन्य त्यस्तै प्रकृतिका व्यवसायीसँग सम्बद्धता कायम गरिने भएमा त्यसको विवरणः**

नामः ठेगानाः

टेलिफोनः फ्याक्सः

वेबसाइटः इमेलः

**७. अन्य कुनै कुरा भएः ......................................................**

**८. संलग्न गर्नु पर्ने कागजातहरुः**

(क) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) फर्म दर्ता भएको प्रमाणपत्र,

(ग) नेपाली नागरिकताको प्रतिलिपि,

(घ) अन्य आवश्यक कागजात।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**<u>दरखास्तवालाको</u>,–**

सहीः

नामः

पूरा ठेगानाः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१०

(नियम २५ को उपनियम (३) सँग सम्बन्धित)

**जलयात्रा व्यवसाय सञ्चालनको लागि दिईने इजाजतपत्रको ढाँचा**

इजाजतपत्र संख्या :

श्री ..............................

**विषयः जलयात्रा व्यवसाय सञ्चालन इजाजतपत्र।**

तपाईलाई जलयात्रा व्यवसाय सञ्चालन गर्न प्रदेश पर्यटन नियमावली, २०८० को नियम २५ को उपनियम (३) बमोजिम यो इजाजतपत्र दिइएको छ।

**इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीको,–**

(क) नामः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयरधनी/प्रोप्राइटरको नाम र विवरणः

(घ) इजाजतपत्रको अवधिः

**इजाजतपत्र दिने अधिकारीको,–** कार्यालयको छाप

सहीः

नामः

पदः

कार्यालयः

मितिः

**नवीकरणको विवरण**

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-११

(नियम ३२ को उपनियम (१) सँग सम्बन्धित)

**<u>रिभर गाइडको अनुमतिपत्रको लागि दिइने दरखास्तको ढाँचा</u>**

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ।
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

**विषयः <u>रिभर गाइडको अनुमतिपत्र पाउँ</u>।**

प्रदेश पर्यटन नियमावली, २०८० को नियम ३२ को उपनियम (१) बमोजिम रिभर गाइडको काम गर्न देहायका विवरण खुलाई यो दरखास्त गरेको छुः-

**दरखास्तवालाको,–**

(क)नामः

(ख)पुरा ठेगानाः

(ग)जन्म मितिः

(घ)शैक्षिक योग्यताः

(ङ)बाबुको नाम र ठेगानाः

(च)बाजेको नाम र ठेगानाः

(छ)तालिमको प्रमाणपत्रः

(ज)अनुभवः अवधिः काम गरेको संस्था र ठाउँः

**<u>दरखास्तवालाको</u>,-**

सहीः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१२

(नियम ३३ सँग सम्बन्धित)

**रिभर गाइडको अनुमतिपत्रको ढाँचा**

**रिभर गाइडको अनुमति-पत्र**

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

तपाईलाई रिभर गाइडको काम गर्न प्रदेश पर्यटन नियमावली, २०८० को नियम ३३ बमोजिम यो अनुमति-पत्र दिइएको छ।

**अनुमतिपत्र प्राप्त व्यक्तिको,-**

(क) नाम :

(ख) पुरा ठेगाना :

(ग) जन्म मिति :

(घ) बाबुको नामः

(च) बाजेको नामः

(छ) अनुमतिपत्रको अवधि :

**इजाजतपत्र दिने अधिकारीको,–** कार्यालयको छाप

सहीः

नामः

पदः

कार्यालयः

मितिः

**नवीकरणको विवरण**

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |



आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१३

(नियम ४२ सँग सम्बन्धित)

**<u>रिभर गाइड वा कामदारलाई दिनु पर्ने सुविधाको विवरण</u>**

१. रिभर गाइड वा कामदारलाई देहायका दरले न्यूनतम दैनिक भत्ता दिनु पर्नेछः-

(क) रिभर गाइडलाई चार सय रुपैयाँ ।

(ख) कामदारलाई दुई सय रुपैयाँ ।

२. रिभर गाइडलाई जलयात्रासँग सम्बन्धित देहायका मालसामान दिनु पर्नेछ :-

(क) जलयात्रामा आवश्यक पर्ने सुरक्षा सामाग्री

(ख) खाना, औषधी र औषधी उपचारको सरसामान

३. अन्य थप सुविधा दिने भए सो उल्लेख गर्नेः

(क) ....

(ख) ....

(ग) ....

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची–१४

(नियम ५६ को उपनियम (१) सँग सम्बन्धित)

**पर्यटन व्यवसायी र कामदारबीच भएको करार**

...................... को छोरा/छोरी/श्रीमती ................. जिल्ला ............. गाउँपालिका/ नगरपालिका वडा नं.......वस्ने वर्ष ..... को श्री .......................... लाई ......... कामको लागि ....................देखि ......... सम्म ............... दिनको लागि देहायको पर्यटन व्यवसाय सम्बन्धी काममा लगाउन देहायका सुविधा दिने गरी सो कार्य गर्न हामी पर्यटन व्यवसायी तथा कामदारबीच सहमति भएकोले यो करार गरेका छौं।

**देहायः**

१. ट्राभल तथा ट्रेकिङ्ग

२. पथ प्रदर्शक

३. जलयात्रा

४. अन्य (नाम उल्लेख गर्ने)

**पर्यटन व्यवसायीबाट दिइने सुविधाहरु**

१.

२.

३.

**कामदारको तर्फबाटः**

सहीः

नामः

ठेगानाः

**पर्यटन व्यवसायीको तर्फबाट**

सहीः

नामः

पदः

कार्यालयः

ठेगानाः

छापः

ईति संवत्...... साल ........ महिना ....... गते रोज ..... शुभम्।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-१५
## (नियम ६० सँग सम्बन्धित)
## <u>प्रतिवेदन</u>

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

**विषय : प्रतिवेदन।**

प्रदेश पर्यटन ऐन तथा नियमावलीको प्रयोजनको लागि मिति........................... देखि ............. सम्मको लागि देहायको विवरण सहित प्रतिवेदन पेश गरेको छु।

१. प्रदेश भित्र तथा बाहिर पर्यटकलाई यातायात सेवा प्रदान गरिएको विवरण (ट्राभल एजेन्सीको लागि):

(क) भित्रः (ख) बाहिरः

२. सेवा सम्बन्धी विवरणः

(क) यातायात सेवा उपलव्ध गराईएका पर्यटकहरुको संख्या र राष्ट्रियता एवम् परिवहन सम्वन्धी विवरण (ट्राभल एजेन्सीको लागि):

| क.सं. | पर्यटकको संख्या विवरण | राष्ट्रियता | सेवा पुऱ्याइएका स्थानको विवरण | | बास बसेको होटल |
|---|---|---|---|---|---|
| | | | कहाँ देखि | कँहासम्म | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) ट्रेकिङ्ग क्षेत्रमा सेवा प्रदान गरेको भए (ट्रेकिङ्ग एजेन्सीको लागि):

| **ट्रेकिङ्ग सम्बन्धी विवरण** | | | | | |
|---|---|---|---|---|---|
| ट्रेकिङ्ग ग्रुपको नाम | ट्रेकिङ्ग गर्नेको संख्या | साधारण क्षेत्र | निर्देशित क्षेत्र | नियन्त्रित क्षेत्र | जम्मा संख्या |
| | | | | | |
| | | | | | |

(ग)होटल, पर्यटक आवास, लजमा बसेका पर्यटक र तिनीहरूले बसेको दिनको संख्या सम्बन्धी विवरण (होटल व्यवसायीको लागि):

| **बसाइको विवरण** | **संख्या** | **जम्मा** | **राष्ट्रियता** |
|---|---|---|---|
| एक दिनदेखि तीन दिनसम्म बस्ने पर्यटक | | | |
| चार दिनदेखि सात दिनसम्म बस्ने पर्यटक | | | |
| आठ दिनभन्दा बढी दिन बस्ने पर्यटक | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(घ)जलयात्रा सेवा सम्वन्धी सेवाको विवरण (जलयात्रा व्यवसायीको लागि):

| जलयात्रा गराइएको नदीको नाम | पर्यटक संख्या | राष्ट्रियता |
|---|---|---|
| १. | | |

(ङ) साहसिक तथा मनोरञ्जनात्मक क्रियाकलापको विवरण (साहसिक तथा मनोरञ्जनात्मक सेवा उपलब्ध गराउने पर्यटन व्यवसायीको लागि):

| क्रियाकलापको विवरण | क्रियाकलापमा सहभागि दल तथा टोली | संख्या | राष्ट्रियता |
|---|---|---|---|
| | | | |

३. आफ्नो व्यवसायको प्रचार प्रसार गरिएको विवरणः

| उत्पादित प्रचार समाग्री | परिमाण | प्रचार वा वितरण गरिएको स्थान | पटक |
|---|---|---|---|
| | | | |
| | | | |

४. पर्यटकको निमित्त बुक गराइएको होटल र संख्याको विवरणः

| होटलको नाम | पर्यटक संख्या |
|---|---|
| | |

५. राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा सम्मेलनमा भाग लिएको विवरणः

| | |
|---|---|
| पर्यटन मेला | |
| सेल्स मिसन | |
| पर्यटन सम्बन्धी गोष्ठी कार्यशाला | |
| विविध | |

६. पर्यटन व्यवसाय विकासका लागि ल्याइएका व्यक्तिहरुको विवरण

| आमन्त्रित व्यक्तिको नाम, स्थान वा देश | पटक |
|---|---|
| | |

७. आय व्ययको बार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरणः

८. कर्मचारी सम्बन्धी विवरणः

| नाम | पद | दरवन्दी संख्या | नियुक्ति मिति | तलब |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

९. कुल कारोबारमा मुद्रा स्थितिको विवरणः+

| स्वेदशी मुद्रा | भारतीय मुद्रा | परिवर्त्य विदेशी मुद्‍्रा | जम्मा |
|---|---|---|---|
| | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१०. कारोबारबाट प्राप्त विदेशी कोमुद्राको विवरणः

| भारतीय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|
| | | |

११. यस अवधिमा बुझाएको,–

(क) आयकरः बुझाएको मितिः

(ख) मूल्य अभिवृद्धि करः बुझाएको मितिः

(ग) पर्यटक सेवा शुल्कः बुझाएको मितिः

१२. **(क) भौतिक पूर्वाधारको विवरणः**

| **विवरण** | | **किसिम** | **प्रतिवेदन अवधि अगाडी** | **प्रतिवेदन अवधिमा थप** | **जम्मा** |
|---|---|---|---|---|---|
| सवारी साधन | | | | | |
| टेलिफोन फ्याक्स | | | | | |
| कम्प्युटर | | | | | |
| उपकरण | व्यवसायसँग सम्बन्धित | | | | |
| | सुरक्षा सामग्री | | | | |
| | अन्य | | | | |

**(ख) सुविधाबाट ल्याइएका भौतिक सामानको विवरण :**

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| विवरण | किसिम | प्रतिवेदन अवधि अगाडी | प्रतिवेदन अवधिमा थप | जम्मा |
|---|---|---|---|---|
| सवारी साधन (नम्बर उल्लेख गर्ने ) | | | | |
| अन्य | | | | |

**१३. पर्यटन व्यवसायीको,-**

(क) नामः

(ख) ठेगानाः

**<u>इजाजतपत्र प्राप्त व्यक्तिको तर्फबाट</u>,–**

सहीः

पूरा नामः

पदः

टेलिफोनः

फ्याक्सः

इमेलः

वेभसाइटः

आज्ञाले,

डा. विनोद प्रसाद देवकोटा

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित